नेपाल सरकार

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

मिति: २०८१।०७।३०

विषय: राष्ट्रिय चिया तथा कफी विकास बोर्डद्वारा राष्ट्रिय कफी दिवस (२०८१।८।१) को उपलक्ष्यमा जारी गरिएको प्रेष विज्ञप्ती ।

आदरणिय पत्रकार मित्रहरू,

कफी उत्पादक किसान, इस्टेट, प्रशोधक, विक्रेता, कफी उपभोक्ता र कफीलाई माया गर्ने सबै नेपालीहरूको उत्सवको रूपमा रहेको "राष्ट्रिय कफी दिवस" को २० औं संस्करण राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, केन्द्रीय कफी सहकारी संघ तथा नेपाल कफी व्यवसायी महासंघको संयुक्त आयोजना तथा कफीसँग सम्बन्धित सरोकारवालाहरुको सहकार्य एवम उपस्थितिमा विविध कार्यक्रमको आयोजना गरी सञ्चालन हुन गइरहेको छ।

विश्वभर लोकप्रिय पेयपदार्थको रुपमा रहेको कफी रोपणले नेपालमा पनि लगभग ८६ वर्षको इतिहास बनाईसकेको छ। वि.सं. १९९५ सालमा हिरा गिरीले बर्माबाट ल्याएको कफीको बीउ गुल्मीको आँपचौरमा रोपण गरे पश्चात नेपालमा कफी खेती सुरुवात भएको मानिन्छ । प्रारम्भमा किसानहरुको करेसावारीमा २/४ बोट रोपण गरि घरेलु प्रशोधन वा प्रशोधन नै नगरी प्रयोजनविहिन छोडिएका कफीका विरुवाहरु सोहि अवस्थामा नै केहि वर्षसम्म गुज्रीए। किसानहरुको सिमित्त प्रयत्न र ज्ञान तथा प्रविधिको अभावका कारण नेपालमा कफीको व्यवसायिकता लामो समयसम्म हुन सकेन। परिणामत: आजका दिन सम्म पनि नेपाली कफी उद्योगले अपेक्षा र माग बमोजिमको उत्पादन परिमाणको न्यून अंशलाई पनि सम्बोधन गर्न सकेको छैन। कफी रोपण एवं क्षेत्र विस्तारलाई अभियानकै रुपमा देशव्यापी बनाउन सके मात्र उत्पादन वृद्धि गर्दै आन्तरिक उपभोग तथा अन्तराष्ट्रिय निर्यात व्यापारमा नेपाली कफी स्थापित हुन सक्छ। अर्को तर्फ हामीले शुरु देखिनै रोपण गरेको कफी अराबिका जातको हो। आज विश्व कफी मन्चलाई अध्ययन गर्दा देखिने तथ्य के हो भने- अराबिका कफी, पारखीहरूको पहिलो रोजाई, उपभोक्ताहरुले सबैभन्दा बढी सेवन गर्ने र कुल विश्व उत्पादनको झन्डै पचहत्तर प्रतिशत परिमाणको वर्चस्व रहेको कफीको जात हो। प्रकृति प्रद्दत चिसो हावापानी र उच्च पहाडी भुभागमा रोपण गरिदै आएको नेपाली अराबिका कफी स्वभावैले अर्गानिक हुने कुरामा हामी विश्वस्त समेत छौं। तसर्थ राष्ट्रिय चिया तथा कफी विकास बोर्डले उच्च गुणस्तर सहितको अर्गानिक अराबिका कफीको व्यवसायिक उत्पादनमा जोड दिनुपर्ने बस्तुगत अवस्थालाई हृदयगंम गरेको छ। यसै पृष्ठभूमिमा २० औं राष्ट्रिय कफी दिवसको तपसिलको नारा र यसको व्यवहारिक सार्थकतामा हामी सचेत छौं।

*"नेपालको कफी अर्गानिक अराबिका,*

*गुणस्तरीय उत्पादन वृद्धिमा हाम्रो प्रतिवद्धता"*

पत्रकार मित्रहरू,

मात्रात्मक रूपमा थोरै उत्पादन भए पनि नेपाली कफीले स्वाद र गुणस्तरका हिसाबले विश्वका उत्कृष्ट कफीहरुसँग समतुल्य स्थान बनाउन सफल हुनु हामी सबैको लागि गौरवको कुरा हो । स्पेसियालिटी कफीको रूपमा नाम कमाइसकेको नेपाली कफीको माग स्वदेश तथा विदेशमा उच्च रहेको छ । यहि सेप्टेम्बर ९-१२ सम्म बेलायतको लण्डनमा भएको अन्तराष्ट्रिय कफी परिषदको १३८ औं बैठकका क्रममा नेपालले संचालन गरेको कफी टेस्टीन्गमा विश्व कफीका हस्ति राष्ट्रहरु लगायत उपस्थित ५० भन्दा बढी राष्ट्रका सरकारी पदाधिकारी, कफी विज्ञ एवम प्रतिनिधिहरु तथा अन्तराष्ट्रिय कफी संगठनबाट

२०८१।०७।३०

नेपाली कफीको स्वाद र गुणस्तरका विषयमा पाएको प्रशंसाले व्यवसायिक कफी उत्पादन गरिरहेका अन्य राष्ट्रहरुको दाँजोमा नेपाली स्पेशियालटी कफी विश्वस्तरीय छ भन्ने कुरा पुन:प्रमाणित गरेको छ ।

केहि वर्ष अघिसम्म कुलिन बर्गको मात्र पेय पदार्थको रूपमा लिइने कफी आज हरेक भान्साको सोभा वनिसकेको छ । विशेषगरी शहरी क्षेत्रमा बढ्दो कफी संस्कृतिले गर्दा कफीको आन्तरिक बजारमा पनि व्यापक बृद्धी भएको देखिन्छ । तर माग अनुसार आपुर्ती नहुँदा विगत केही बर्ष कफीको आयात बढेको पृष्ठभुमिमा पछिल्ला २/३ बर्षहरुमा न्यून मात्रामै भएता पनि आयातको परिमाण घटाउदै निर्यात व्यापारमा मसिनो आशाको किरण पलाएको छ ।

पत्रकार मित्रहरु,

भन्सार बिभागको आ.व. २०७९/०८० को तथ्यौक अनुसार १३ करोड ४ लाख बराबरको ७७.८६ मे. टन कफी निर्यात हुँदा ३२ करोड ५८ लाख बराबरको ४५० मे.टन कफी आयात भएको थियो । आ.व. २०८०/०८१ मा १४ करोड ९२ लाख बराबरको ८९ मेट्रिक टन कफी निर्यात हुँदा रु. ४१ करोड ९८ लाख बराबरको ४४३ मेट्रिक टन कफी आयात भएको तथ्यौक छ । आ.व. २०८०/८१ मा नेपालभर ५०१.३ मे.टन ग्रीनवीन कफी उत्पादन भएको छ र जम्मा ६५४ हेक्टरमा नंया रोपण भएको छ । हाल सम्मको तथ्यौकलाई हेर्ने हो भने जम्मा ४३०९ हेक्टरमा कफी खेति विस्तार भएको छ । कुल उत्पादनको झन्डै १७ प्रतिशत कफी विदेश निर्यात भएको देखिन्छ । नेपाली कफीले अन्तराष्ट्रिय बजारमा स्वाद र गुणस्तरको हिसावले अन्य राष्ट्रको भन्दा बढी मूल्य प्राप्त गर्दै आएको छ । नेपाली कफी निर्यात हुँदा सरदर प्रतिकेजी १६ अमेरिकी डलर प्राप्त गर्दै आएको छ । आयात मूल्यको तुलनामा झण्डै ३ गुणा बढी मुल्यमा नेपाली कफी निर्यात हुँदै आएको छ । अन्तर्राष्ट्रिय कफी संगठन (ICO) को विशेष सहयोगमा बोर्डले संचालन गरेको अनुगमन/निरीक्षणबाट पनि आन्तरिक बजारमा प्रत्येक बर्ष न्यूनतम २२०० मेट्रिक टन भन्दा बढी कफी खपत भइरहेको र दिनप्रतिदिन उच्च रुपमा माग बढेको देखाउछ भने आन्तरिक उत्पादनले १ महिना पनि नेपालको माग धान्न नसकेको अवस्था छ । दिनानुदिन कफी सेवनकर्ताहरुको माग बढ्नु र युवाहरुको प्राथमिकतामा परेको कफी क्याफे तथा आउटलेट स्थापनाले गर्दा कफीको माग बढ्दै गइरहेको हुनाले पनि आन्तरिक माग पुर्तीका लागि कफीको रोपण तथा उत्पादन बृद्धिमा सबैको ध्यान पुग्नु पर्ने देखिन्छ।

समग्र कफी क्षेत्रको प्रवर्द्धन र संरक्षण गर्दै कफी क्षेत्रमा युवा पुस्ताहरुलाई आकर्षण गरी सिमित क्षेत्रमा गरिदै आएको कफी खेतीलाई कफी इस्टेटमा रुपान्तरण गर्न सकेमा मात्रै व्यवसायिक उत्पादन र आत्मनिर्भर बन्न सकिने तथ्यलाई बोर्डले प्रमुखताका साँथ अगाडी बढाएको छ । २० औं राष्ट्रिय कफी दिवस मनाईरहदा कफी क्षेत्रमा व्यापक रुपान्तरणको लागि संरक्षण र प्रवर्द्धनका कार्यक्रमहरु मार्फत ठूला व्यवसायिक फार्महरु स्थापनाका लागि लगानीकर्ताहरु भित्राउन जरुरी देखिन्छ । खासगरी कफी मूल्य शृंखलाहरुलाई दिगो रुपमा अगाडी बढाउन युवा तथा महिलाहरुको सहभागिता अझ सशक्त देखिन्छ । बोर्ड अध्यक्ष एवम माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री रामनाथ अधिकारीज्युले जारी गर्नु भएको शुभकामना सन्देशमा पनि सोही आशय अनुकुल स्वदेश तथा विदेशमा उच्च माग रहेको नेपाली कफीको व्यवसायिक उत्पादनमा सार्वजनिक नीजि क्षेत्रलाई थप लगानी गर्न आव्हान गर्नु भएको छ । न्यून श्रोत साधनका बाबजुत व्यवसायिक कफी उत्पादन बढाउन बोर्डले प्रमुखताका साथ विभिन्न कार्यक्रमहरुको शुरुवात गरेको छ र भविश्यमा अराबिका कफीको क्षेत्र विस्तार, उत्पादकत्व अभिवृद्धि, मूल्य श्रृंखला विकास तथा मूल्य अभिवृद्धि, गुणस्तरीय उत्पादनका लागि असल कृषि अभ्यास तथा प्राङ्गारीक प्रमाणीकरण तथा निर्यात तथा आन्तरिक बजार प्रवर्द्धन जस्ता कार्यलाई योजनाबद्ध रूपले समन्वयात्मक रुपमा लगिनेछ । साथै कफी क्षेत्रको विकास तथा विस्तारका लागि बोर्डले तिनै तहका सरकारको विचमा एकीकृत कार्यक्रम तर्जुमा गर्दै बोर्ड तथा संघीय सरकार

कफी क्षेत्रको नीतिगत सुधार, गुणस्तर अभिवृद्धि, आन्तरिक बजार तथा निर्यात प्रवर्द्धनमा थप सशक्त ढंगले अगाडी बढ्ने समेत जानकारी गराउदछु ।

बोर्डले आ.व. २०६१/०६२ देखिनै सरोकारवालाहरुसँगको सहकार्य तथा उपस्थितिमा आन्तरिक बजारको विकासका लागि कफीको न्युनतम सहमत मूल्य निर्धारण एवम त्यसको उच्चतम कार्यान्वयन गर्ने/गराउदै आएको अनुरोध गर्दै यस आ.व. २०८१/८२ का लागि प्राविधिक समितिले गरेको अध्ययन एवम सिफारिश समेतका आधारमा विभिन्न कच्चा कफीको न्युनतम सहमत मूल्य कायम गरेको छ ।

<u>आ.व. २०८१/०८२ को लागि कफीको न्युनतम सहमत मूल्य</u>

२०८१ मंसिर १ गते देखि लागु हुने गरी यस वर्षको कच्चा कफीको मूल्य निम्नानुसार तोकिएको छ ।

<u>फ्रेस चेरी कफी</u>

ग्रेड A रू १०५।- प्रति केजी *(नोटः- ८०० मिटरभन्दा माथि, प्राङारिक पद्धती अपनाएर उत्पादन गरिएको, ठिक्क पाकेको, पानीमा राख्दा डुब्ने, केलाएर छानिएको चेरीलाई ग्रेड A मानिने छ ।)*

ग्रेड B रू ९५।- प्रति केजी *(नोटः- ग्रेड A मा नपरेका अन्य कफीलाई ग्रेड B मानिनेछ ।)*

<u>पार्चमेन्ट कफी</u>

ग्रेड A रू ५३५।- प्रति केजी *(नोटः- ग्रेड A गुणस्तरको फ्रेस चेरीबाट उत्पादन भएको, पानीमा राख्दा डुब्ने, ११% चिस्यान भएको कफी पार्चमेन्टलाई ग्रेड A मानिनेछ ।)*

ग्रेड B रू ४८२।- प्रति केजी (नोटः- ग्रेड B गुणस्तरको कफीबाट उत्पादन भएको पार्चमेन्टलाई ग्रेड B मानिनेछ ।)

<u>ड्राइ चेरी कफी</u>

ग्रेड A रू २८०।- प्रति केजी *(नोटः ग्रेड A गुणस्तरको फ्रेस चेरीबाट उत्पादन भएको ड्राइ चेरीलाई ग्रेड A मानिनेछ ।)*

ग्रेड B रू २४७।- प्रति केजी *(नोटः ग्रेड B गुणस्तरको फ्रेस चेरीबाट उत्पादन भएको ड्राइ चेरीलाई ग्रेड B मानिनेछ ।)*

विभिन्न वर्षहरूमा तोकिएको कफीको न्युनतम सहमत मूल्य

| प्रकार | २०७२ | २०७३ | २०७४ | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| फ्रेश चेरी A | ८० | ८३ | ८३ | ८५ | ८५ | ९० | ९० | ९५ | १०० | १०५ |
| फ्रेश चेरी B | ७५ | ७८ | ७८ | ८० | ७५ | ८० | ८० | ८५ | ९० | ९५ |
| पार्चमेन्ट A | ४०० | ४१५ | ४१५ | ४२५ | ४२५ | ४५० | ४५० | ४७५ | ५०० | ५३५ |
| पार्चमेन्ट B | ३७५ | ४०० | ४०० | ४१० | ३७५ | ३९७ | ३९७ | ४२० | ४५० | ४८२ |
| ड्राइचेरी A | १४० | १४० | १४० | १४० | १४० | १४८ | १४८ | १७० | २०० | २८० |
| ड्राइचेरी B | १०० | १०० | १०० | १०० | ९० | ९५ | ९५ | ११५ | १५० | २४७ |

2081/08/30

कार्यकारी निर्देशक

आदरणिय पत्रकार मित्रहरु,

नेपाली कफी उद्योगलाई आजको अवस्था सम्म जोगाएर यथासक्य प्रवर्द्धन गर्ने कार्यमा संलग्न विभिन्न मूल्य श्रृखलामा काम गर्ने सम्पूर्ण किसान, उद्योगी एवं व्यवसायीहरु धन्यवादका विशेष पात्रहरु हुनुहुन्छ। कफी व्यवसाय प्रति उहाँहरुको लगाव र योगदानको कदर स्वरुप माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यू एव अध्यक्ष, राष्ट्रिय चिया तथा कफी विकास बोर्डको प्रमुख आतिथ्यतामा यही मंशीर ७ गते काठमाण्डौमा हुने राष्ट्रिय कफी दिवसको औपचारिक कार्यक्रममा कफी विकासका क्षेत्रमा क्रियाशिल संस्था, उत्पादक किसान उधमी, जिल्ला कफी सहकारी संघ, प्रारम्भिक कफी सहकारी संस्थालाई विशेष सम्मान र पुरस्कृत गर्ने, व्यवसायीहरुबाट नेपाली स्पेसियालटी कफीको स्टल संचालन तथा प्रर्दशनी, विभिन्न थरिका कफीहरुको व्रिविङ्ग तथा टेस्टिङ गर्ने गराउने, कफी सहकारी संघहरुबाट संचालित कफी सम्बन्धी गतिविधिहरुको प्रदर्शनी गर्ने, नेपालको कफी क्षेत्रको वर्तमान अवस्था, नीतिगत व्यवस्था तथा आगामी कार्यदिशा विषयक प्रस्तुतीकरण एवम अन्तरकिया कार्यक्रम हुने समेत यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराउन चाहन्छु।

अन्त्यमा, नेपालमा कफी विकास तथा प्रवर्द्धनमा लाग्नु हुने सम्पूर्ण अग्रज कृषक, उद्योगी, व्यवसायी, संघसंस्थाहरु सबैलाई २० औं राष्ट्रिय कफी दिवसको पुनित अवसरमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

२०७१/०८/१०

[illegible]नु प्रसाद प्रसाई
कार्यकारी निर्देशक

कार्यकारी निर्देशक